# भूगोल विषयको पाठ्यक्रम, २०८१

## माध्यमिक तह (कक्षा ९-१०)

पाठ्यक्रम विकास केन्द्र

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र

# माध्यमिक शिक्षा पाठ्यक्रम, २०८१

## ऐच्छिक भूगोल

| | |
|---|---|
| कक्षा : ९ र १० | पाठ्यघण्टा : ४ |
| विषय सङ्केत : | वार्षिक कार्यघण्टा : १२८ |

### १. परिचय

भूगोल सामाजिक विज्ञानका विषयमध्येको एउटा विषय हो । यस विषयमा पृथ्वीको सतहमा रहेका विभिन्न भौतिक र मानवीय तथा सांस्कृतिक पक्षहरूका विशेषता, तिनीहरूको क्षेत्रीय वितरण र अन्तरसम्बन्धको वैज्ञानिक र क्रमबद्ध अध्ययन गरिन्छ । विश्व तथा नेपालका विभिन्न भौगोलिक तथ्यहरूसँग परिचित भई सोहीअनुकूल व्यवहार गर्न भूगोल विषयले सिकाउँछ । विश्वका भौतिक पक्षहरूसँग मानवीय तथा सांस्कृतिक गतिविधिहरूको अन्तरसम्बन्धको अध्ययन तथा विश्लेषण गरी त्यसबाट सिकेका ज्ञानको व्यावहारिक प्रयोग गर्न सिकाउने उद्देश्यले विद्यालय शिक्षाको पाठ्यक्रममा भूगोल विषय समावेश गरिएको हो ।

नेपालमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा भूगोल विषयलाई कक्षा ९ र १० मा ऐच्छिक प्रथम विषयका रूपमा समावेश गरिएको छ । समसामयिक परिवेशमा यस विषयलाई बढी सान्दर्भिक र समयसापेक्ष बनाउने उद्देश्यका साथ भौतिक भूगोल, मानव भूगोल, आर्थिक भूगोल र प्रयोगात्मक भूगोल विषय क्षेत्र निर्धारण गरी यो पाठ्यक्रम विकास गरिएको छ । यसबाट विद्यार्थीहरूमा भूगोलको आधारभूत ज्ञान, सिप र अभिवृत्ति तथा मूल्यको विकास हुने अपेक्षा गरिएको छ ।

पाठ्यक्रममा तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी अगिल्ला कक्षासँग लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम निर्धारण गरिएको छ । विषयगत विशिष्टता र मौलिकतालाई समेटी सिकाइ सहजीकरणका विधि तथा प्रक्रिया, सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य एवम् निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया समावेश गरिएको छ । साप्ताहिक ४ पाठ्यघण्टा र वार्षिक कुल १२८ कार्यघण्टाको समयलाई ७५ प्रतिशत कार्यघण्टाको सैद्धान्तिक तथा २५ प्रतिशत कार्यघण्टाको व्यावहारिक अभ्यास हुने गरी विषयवस्तुको क्षेत्र क्रमलाई व्यवस्थित गरिनुका साथै विद्यार्थीको सिकाइ मूल्याङ्कनका लागि २५ प्रतिशत आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्याङ्कन निर्धारण गरिएको छ ।

### २. तहगत सक्षमता

**यस तहको अन्त्यमा विद्यार्थीहरूमा निम्नानुसारका सक्षमता हासिल हुने छन् :**

(क) भूगोलको अवधारणा, लक्ष्य तथा उद्देश्यको बोध र प्रस्तुति

(ख) पृथ्वीको उत्पत्ति, बनोट, संरचना र यसका तहहरूको वर्णन

(ग) पृथ्वीको गतिको बोध र यसको प्रभाव विश्लेषण

(घ) अवस्थितिको बोध र देशान्तरका आधारमा समयको गणना

(ङ) स्थलमण्डलको संरचना र भूस्वरूपहरूको पहिचान

(च) वायुमण्डलीय गतिविधिको बोध र मानव जीवनसँगको सम्बन्ध विश्लेषण

(छ) मानव तथा आर्थिक भूगोलको अवधारणा प्रस्तुति

(ज) मानिस र वातावरणबिचको अन्तरसम्वन्ध विश्लेषण

(झ) आर्थिक भूगोलको विविध पक्षहरूको बोध र प्रस्तुति

(ञ) नेपालको प्राकृतिक/भौतिक भूगोलको बोध र उपयोग

(ट) नेपालमा हुने विभिन्न प्रकोपका कारण तथा असरहरूको पहिचान र न्यूनीकरणका उपायहरू अवलम्बन

(ठ) नेपालको आर्थिक तथा सामाजिक भूगोलको बोध र उपयोग

(ड) मानचित्र, ग्राफ र चार्टको अध्ययन, निर्माण र प्रयोग

(ढ) भौगोलिक अध्ययन भ्रमण, प्रतिवेदन लेखन र प्रस्तुति

## ३. कक्षागत सिकाइ उपलब्धि

कक्षा ९ र १० मा भूगोल विषयको अध्ययन गरिसकेपछि विद्यार्थीहरूमा निम्नानुसारका सिकाइ उपलब्धि हासिल हुने छन् :

| कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|
| **एकाइ/क्षेत्र** | **सिकाइ उपलब्धि** | **एकाइ/क्षेत्र** | **सिकाइ उपलब्धि** |
| **१. भूगोलको परिचय** | १.१ भूगोलको अर्थ र परिभाषा बताउन<br>१.२ भूगोलको क्षेत्र उल्लेख गर्न | **१. भूगोलको परिचय** | १.१ भूगोलका शाखाहरूको परिचय दिन<br>१.२ भूगोलका लक्ष्य र उद्देश्य बताउन |
| **२. भौतिक भूगोल** | २.१ पृथ्वीको उत्पत्तिको वर्णन गर्न<br>२.२ पृथ्वीको बनोट र यसको तहहरूको वर्णन गर्न<br>२.३ महादेश र महासागरको परिचय दिई नक्सामा प्रर्दशन गर्न<br>२.४ पहाड, उच्च समस्थली र मैदानको परिचय दिन<br>२.५ पृथ्वीको दैनिक र वार्षिक गतिका असरहरूको सूची तयार गर्न<br>२.६ ऋतु परिवर्तनका असरहरू पहिचान गर्न<br>२.७ माटाको परिचय दिँदै यसका विशेषताको वर्णन गर्न<br>२.८ चट्टानको परिचय दिन<br>२.९ चट्टानको वर्गीकरण गरी विशेषता उल्लेख गर्न<br>२.१० विभिन्न स्थलीय स्वरूप निर्माण गर्ने आन्तरिक र बाह्य शक्तिहरूले निर्माण गर्ने भूस्वरूपहरू पहिचान गर्न | **२. भौतिक भूगोल** | २.१ अक्षांश, देशान्तर, प्रतिलोम, अन्तर्राष्ट्रिय तिथिरेखा र समयको परिचय दिन<br>२.२ अक्षांश, देशान्तर, समय र प्रतिलोमको निर्धारण गर्न<br>२.३ वायुमण्डलको संरचना, तह र फैलावट उल्लेख गर्न<br>२.४ तापक्रम र यसलाई प्रभाव पार्ने तत्त्वहरूको व्याख्या गर्न<br>२.५ वायुमण्डलीय तापमण्डलहरूको विशेषता उल्लेख गर्न<br>२.६ चापका पेटीहरूको अध्ययन गर्न<br>२.७ वायुको उत्पत्ति र किसिम उल्लेख गर्न<br>२.८ वायुमण्डलीय प्रक्रियाहरू वाष्पीकरण, द्रवीकरण र उर्धोपतनको परिचय दिन<br>२.९ वर्षाका स्वरूप र किसिम उल्लेख गर्न<br>२.१० मौसम र हावापानीको परिचय दिन<br>२.११ हावापानीलाई प्रभाव पार्ने तत्त्वहरू उल्लेख गर्न<br>२.१२ जलवायु परिवर्तनका कारण र असरहरू पहिचान गरी अनुकूलनका उपायहरू अवलम्बन गर्न |

पाठ्यक्रम विकास केन्द्र

| कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|
| **एकाइ/क्षेत्र** | **सिकाइ उपलब्धि** | **एकाइ/क्षेत्र** | **सिकाइ उपलब्धि** |
| **३. मानव भूगोल** | ३.१ मानव भूगोलको परिचय दिन<br>३.२ मानिस र वातावरणबिचको अन्तरसम्बन्ध उल्लेख गर्न<br>३.३ विश्वको जनसङ्ख्याको वितरण र जनघनत्वको अवस्था पहिचान गर्न<br>३.४ मानवीय क्रियाकलापमा वातावरणले पार्ने प्रभाव व्याख्या गर्न<br>३.५ विश्वको प्रमुख जातिहरूको वितरण उल्लेख गर्न | **३. आर्थिक भूगोल** | ३.१ आर्थिक भूगोलको परिचय दिन<br>३.२ वन र खनिज साधनको परिचय दिँदै यिनीहरूको वितरणलाई नक्सामा देखाउन<br>३.३ शक्तिका साधनहरू कोइला, पेट्रोलियम र जलविद्युत्को महत्त्व व्याख्या गर्न<br>३.४ कृषि र उद्योगको परिचय दिई यिनीहरूको महत्त्व बताउन<br>३.५ व्यापार, सेवा र व्यवसायको परिचय दिँदै यिनीहरूको महत्त्व उल्लेख गर्न<br>३.६ विश्वको आर्थिक प्रदेशहरूको परिचय दिन |
| **४. नेपालको भौतिक भूगोल** | ४.१ नेपालको भौगोलिक विवरण उल्लेख गर्न<br>४.२ नेपालको भूराजनीतिक अवस्थिति र सिमाना नक्सामा प्रदर्शन गर्न<br>४.३ नेपालको भूस्वरूपलाई भौगोलिक र पर्यावरणीय प्रदेशको आधारमा विभाजन गर्न<br>४.४ नेपालको हावापानीको अवस्था र यसलाई प्रभाव पार्ने तत्त्वहरूको व्याख्या गर्न<br>४.५ नेपालको हावापानीका प्रदेशहरूको वर्णन गर्न<br>४.६ नेपालको प्राकृतिक वनस्पतिको वितरण प्रदर्शन गर्न<br>४.७ नेपालमा पाइने माटाको परिचय दिन<br>४.८ नेपालमा खनिज वितरणको अवस्था पहिचान गर्न<br>४.९ नदी, हिमनदी र ताल तलैयाको अवस्थितिको परिचय दिन<br>४.१० प्रकोपको पहिचान र त्यसबाट सुरक्षित रहने उपायहरूको अवलम्बन गर्न | **४. नेपालको मानव तथा आर्थिक भूगोल** | ४.१ नेपालको प्रशासनिक प्रदेशको परिचय दिन<br>४.२ जनसङ्ख्या वितरणको विविधताले पार्ने प्रभावहरू पहिचान गर्न<br>४.३ मानव बस्तीका प्रकारहरू बताउन<br>४.४ बसाइँसराइले पार्ने प्रभाव विश्लेषण गर्न<br>४.५ नेपालमा सहरीकरणको अवस्था उल्लेख गर्न<br>४.६ श्रमशक्तिको महत्त्व र विप्रेषणको प्रभाव व्याख्या गर्न<br>४.७ विकासका पूर्वाधारहरूको पहिचान गरी महत्त्व उल्लेख गर्न<br>४.८ निर्वाहमुखी र व्यावसायिक कृषिमा फरक छुट्ट्याउन<br>४.९ खाद्य र नगदेबालीको परिचय दिँदै यिनीहरूको महत्त्व बताउन<br>४.१० पशुपक्षी र मत्स्यपालन व्यवसायका महत्त्व उल्लेख गर्न<br>४.११ उद्योगको किसिम र महत्व उल्लेख गर्न<br>४.१२ उद्योगको स्थानीयकरण र औद्योगिक क्षेत्रको पहिचान गर्न<br>४.१३ नेपालमा पर्यटन उद्योगको विकासका सम्भावनाहरू खोजी गर्न<br>४.१४ व्यापार र सेवाको परिचय दिई यिनीहरूको प्रकार बताउन |

पाठ्यक्रम विकास केन्द्र

| कक्षा ९ | | कक्षा १० | |
|---|---|---|---|
| **एकाइ/क्षेत्र** | **सिकाइ उपलब्धि** | **एकाइ/क्षेत्र** | **सिकाइ उपलब्धि** |
| **५. मानचित्रको अध्ययन** | ५.१ मानचित्र (Globe, Map, Atlas र Digital mapping) को अध्ययन गरी सूचना लिन र दिन<br>५.२ Compass र Global Positioning System-GPS को प्रयोगबाट सूचना लिन र दिन<br>५.३ मानचित्रको आधारभूत तत्त्वहरूको पहिचान र प्रयोग गर्न<br>५.४ मान नाप र प्रदर्शित सूचनाका आधारमा नक्साको वर्गीकरण गर्न<br>५.५ नक्सा निर्माणका विधिहरूको पहिचान र प्रयोग गर्न | **५. नक्सा र चार्टको निर्माण** | ५.१ नेपालको नक्सा निर्माण र प्रयोग गर्न<br>५.२ नेपालको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी विभिन्न तथ्यहरू नक्सामा भर्न<br>५.३ तथ्याङ्कहरूको प्रयोग गरी Chart र Graph निर्माण गर्न<br>५.४ मौसमी चार्ट र उपकरणहरूको परिचय दिन र प्रयोग गर्न<br>५.५ भौगोलिक अध्ययन भ्रमण, प्रतिवेदन लेखन र प्रस्तुति गर्न |

पाठ्यक्रम विकास केन्द्र

## ४. विषयवस्तुको क्षेत्र र क्रम

| कक्षा ९ | | | | कक्षा १० | | | |
|---|---|---|---|---|---|---|---|
| एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | | एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | |
| | | सैद्धान्तिक | प्रयोगात्मक | | | सैद्धान्तिक | प्रयोगात्मक |
| **१. भूगोलको परिचय** | १.१ भूगोलको अर्थ र परिभाषा<br>१.२ भूगोलको क्षेत्र | ५ | | **१. भूगोलको परिचय** | १.१ भूगोलका शाखाहरू<br>१.२ भूगोलको लक्ष्य र उद्देश्य | ५ | |
| **२. भौतिक भूगोल** | २.१ पृथ्वीको परिचय<br>२.१.१ पृथ्वीको उत्पत्ति<br>२.१.२ पृथ्वीको बनोट र यसका तहहरू<br>२.१.३ महादेश र महासागर<br>२.१.४ पहाड, उच्च समस्थली र मैदान<br>२.२ पृथ्वीको गति<br>२.२.१ पृथ्वीको परिभ्रमण गति र असरहरू<br>२.२.२ पृथ्वीको परिक्रमण गति र असरहरू<br>२.२.३ ऋतु र ऋतु परिवर्तनका असरहरू<br>२.३ माटाको परिचय र विशेषता<br>२.४ चट्टानको परिचय, वर्गीकरण र विशेषता<br>२.५ आन्तरिक शक्ति र तिनीहरूले निर्माण गर्ने भूस्वरूपहरू<br>२.५.१ भूकम्प<br>२.५.२ ज्वालामुखी<br>२.६ बाह्य शक्ति र तिनीहरूले निर्माण गर्ने मुख्य भूस्वरूपहरू<br>२.६.१ नदी<br>२.६.२ हिमनदी | ३० | १० | **२. भौतिक भूगोल** | २.१ अवस्थिति र समयको परिचय<br>२.१.१ अक्षांश, देशान्तर र प्रतिलोम<br>२.१.२ अन्तर्राष्ट्रिय तिथिरेखा<br>२.१.३ ग्रिनविच समय र समय क्षेत्र<br>२.२ अवस्थिति र समयको निर्धारण<br>२.२.१ अक्षांश र देशान्तर निर्धारण<br>२.२.२ समयको निर्धारण<br>२.२.३ प्रतिलोमको निर्धारण<br>२.३ वायुमण्डलको परिचय<br>२.३.१ संरचना, तह र फैलावट<br>२.३.२ तापक्रम र यसलाई प्रभाव पार्ने तत्त्वहरू<br>२.३.३ तापका मण्डलहरू (उष्ण, समशीतोष्ण र शीत)<br>२.३.४ चापका पेटीहरू<br>२.३.५ वायुको उत्पत्ति र किसिम<br>२.३.६ वायुमण्डलीय प्रक्रिया : वाष्पीकरण, द्रवीकरण र उर्ध्वपतन<br>२.३.७ वर्षाका स्वरूप र किसिम | ३० | १० |

पाठ्यक्रम विकास केन्द्र

| कक्षा ९ | | | | कक्षा १० | | | |
|---|---|---|---|---|---|---|---|
| एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | | एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | |
| | | सैद्धान्तिक | प्रयोगात्मक | | | सैद्धान्तिक | प्रयोगात्मक |
| | | | | | २.४ मौसम र हावापानीको परिचय<br>२.४.१ हावापानीलाई प्रभाव पार्ने तत्त्वहरू<br>२.४.२ जलवायु परिवर्तनका कारण, असरहरू र अनुकूलन | | |
| **३. मानव भूगोल** | ३.१ मानव भूगोलको परिचय<br>३.२ मानिस र वातावरणको अन्तरसम्बन्ध<br>३.३ विश्वको जनसङ्ख्याको वितरण र जनघनत्व<br>३.४ जनजीवनमा भौतिक वातावरणको प्रभाव (उष्ण, समशीतोष्ण, ध्रुवीय बसोबास क्षेत्र)<br>३.५ विश्वको मुख्य मुख्य जातिको वितरण | १९ | ६ | **३. आर्थिक भूगोल** | ३.१ आर्थिक भूगोलको परिचय<br>३.२ स्रोतसाधनको परिचय र महत्त्व<br>३.२.१ वन साधन<br>३.२.२ खनिज साधन<br>३.२.३ शक्ति/ऊर्जाका साधन (कोइला, पेट्रोलियम, जलविद्युत्)<br>३.३ आर्थिक क्रियाकलापहरूको परिचय र महत्त्व<br>३.३.१ कृषि<br>३.३.२ उद्योग<br>३.३.३ व्यापार<br>३.३.४ सेवा<br>३.४ विश्वको आर्थिक प्रदेशको परिचय (अल्पविकसित, विकासशील र विकसित) | १९ | ६ |

पाठ्यक्रम विकास केन्द्र

| कक्षा ९ | | | | कक्षा १० | | | |
|---|---|---|---|---|---|---|---|
| एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | | एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | |
| | | सैद्धान्तिक | प्रयोगात्मक | | | सैद्धान्तिक | प्रयोगात्मक |
| **४. नेपालको भौतिक भूगोल** | ४.१ अवस्थिति र सिमाना<br>४.२ नेपालको भूराजनीतिक अवस्थिति<br>४.३ भौगोलिक विभाजन<br>४.३.१ भौगोलिक प्रदेश; उच्च हिमाली, उच्च पर्वतीय, मध्यवर्ती पहाडी प्रदेश, सिवालिक र तराई प्रदेश<br>४.३.२ पर्यावरणीय प्रदेश : हिमाल, पहाड र तराई<br>४.४ नेपालको हावापानी<br>४.४.१ हावापानीमा प्रभाव पार्ने तत्त्वहरू<br>४.४.२ हावापानीका अवस्था : ग्रीष्मकालीन र शीतकालीन<br>४.४.३ हावापानीका प्रदेश<br>४.५ प्राकृतिक वनस्पतिका प्रदेश<br>४.६ माटाको वितरण र विशेषता<br>४.७ खनिजको वितरण<br>४.८ नदी, हिमनदी र ताल तलैयाहरूको अवस्थिति<br>४.९ प्रकोप र यसका न्यूनीकरणका उपाय<br>४.९.१ बाढी<br>४.९.२ पहिरो<br>४.९.३ आगलागी<br>४.९.४ भूकम्प<br>४.९.५ आधीँबेहेरी, चट्याङ र असिना<br>४.९.६ शीतलहर<br>४.९.७ वन्यजन्तुको आक्रमण<br>४.९.८ महामारी | २५ | ८ | **४. नेपालको मानव तथा आर्थिक भूगोल** | ४.१ नेपालको प्रशासनिक प्रदेशहरूको परिचय<br>४.२ जनसङ्ख्या वितरण र यसको विविधताले पार्ने प्रभाव<br>४.३ मानव बस्तीका प्रकार<br>४.३.१ सहरी बस्ती<br>४.३.२ ग्रामीण बस्ती<br>४.४ बसाइँसराइ र यसले पार्ने प्रभाव (उद्गम र गन्तव्य)<br>४.५ सहरीकरणको परिचय र प्रवृत्ति<br>४.६ श्रमशक्ति, विप्रेषण र यसको प्रभाव<br>४.७ विकास र विकासका पूर्वाधार<br>४.७.१ शिक्षा<br>४.७.२ स्वास्थ्य<br>४.७.३ यातायात (सडक, हवाई, रज्जु/केबुलकार, रेल, जल)<br>४.७.४ सञ्चार<br>४.७.५ ऊर्जा (जलविद्युत्, सौर्यशक्ति, वायु र जैविक)<br>४.८ कृषिको परिचय र महत्त्व<br>४.८.१ निर्वाहमुखी र व्यावसायिक कृषि<br>४.८.२ खाद्य र नगदेबाली<br>४.८.३ पशुपक्षी र मत्स्यपालन<br>४.९ उद्योगको परिचय र महत्त्व<br>४.९.१ घरेलु तथा साना उद्योग र मझौला तथा ठुला उद्योग<br>४.९.२ नेपालमा उद्योगको स्थानीयकरण<br>४.९.३ नेपालको औद्योगिक क्षेत्रहरू<br>४.९.४ पर्यटन उद्योग : विकास र सम्भावना<br>४.१० व्यापार र सेवाको परिचय र प्रकार | २५ | ८ |

पाठ्यक्रम विकास केन्द्र

| कक्षा ९ | | | | कक्षा १० | | | |
|---|---|---|---|---|---|---|---|
| एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | | एकाइ/क्षेत्र | विषयवस्तु | कार्यघण्टा | |
| | | सैद्धान्तिक | प्रयोगात्मक | | | सैद्धान्तिक | प्रयोगात्मक |
| **५. मानचित्रको अध्ययन** | ५.१ मानचित्रको अध्ययन र प्रयोग (Globe, Map, Atlas, Digital map)<br>५.२ Compass र Global Positioning System-GPS को परिचय र प्रयोग<br>५.३ मानचित्रका आधारभूत तत्त्वहरू<br>५.३.१ नापो (Scale)<br>५.३.२ प्रचलित चिह्न (Conventional Signs)<br>५.३.३ दिशा (Direction)<br>५.३.४ अक्षांश र देशान्तर (Latitude and Longitude)<br>५.४ नक्साको वर्गीकरण; मान नाप र प्रदर्शित सूचनाको आधारमा<br>५.५ नक्सा उतार्ने विधिहरू | १७ | ८ | **५. नक्सा र चार्टको निर्माण** | ५.१ नेपालको नक्सा निर्माण अभ्यास<br>५.२ नेपालको नक्सामा दिइएका तथ्यहरू उपयुक्त सङ्केतको प्रयोग गरी भर्ने अभ्यास<br>५.३ रेखाचित्र र चार्टको निर्माण (स्तम्भचित्र, वृत्तचित्र र रेखाचित्र)<br>५.४ मौसमी चार्ट र उपकरणहरूको परिचय<br>५.५ भौगोलिक अध्ययन भ्रमण र प्रतिवेदन लेखन र प्रस्तुति | १७ | ८ |
| **जम्मा** | | ९६ | ३२ | **जम्मा** | | ९६ | ३२ |
| **कुल जम्मा** | | १२८ | | | | १२८ | |

पाठ्यक्रम विकास केन्द्र

## ५. प्रयोगात्मक तथा परियोजना कार्य

यस विषयमा यहाँ दिइएका जस्तै प्रयोगात्मक तथा परियोजना कार्य गराई तिनको अभिलेख राख्नुपर्ने छ। यसकै आधारमा शिक्षकले विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गरी अङ्क दिनुपर्ने छ। यी क्रियाकलाप नमुनाका रूपमा राखिएको छ। यसका अतिरिक्त आवश्यकताअनुसार पाठ्यक्रमलाई आधार बनाई थप परियोजना तथा प्रयोगात्मक कार्यहरू गराउन सकिने छ।

### कक्षा ९

| विषयक्षेत्र | परियोजना कार्य/प्रयोगात्मक कार्य |
|---|---|
| १. भूगोलको परिचय | - |
| २. भौतिक भूगोल | • पृथ्वीको बनोट र यसका तहहरूको सचित्र विवरण तयारी र प्रस्तुतीकरण<br>• पृथ्वीको वार्षिक गति र ऋतु परिवर्तनलाई चित्रबाट प्रस्तुतीकरण<br>• विश्वको खाली नक्सामा रङ वा सङ्केतको प्रयोग गरी महासागर र महादेश छुट्याई प्रदर्शन<br>• चट्टानको प्रकार र विशेषताहरू उल्लेख गरिएको तालिका बनाई प्रस्तुतीकरण<br>• नदी वा हिमनदीले बनाएका विभिन्न स्थलाकृतिका चित्र बनाई प्रदर्शन |
| ३. मानव भूगोल | • मानिस र वातावरणको सम्बन्धलाई चार्टमा प्रस्तुतीकरण<br>• विश्वको मानचित्रमा जनसङ्ख्याको वितरण र घनत्व देखाई प्रस्तुतीकरण<br>• विभिन्न जातिका मानिसको बसोबासका प्रमुख स्थानहरू, विशेषता-जीवन प्रणालीसहितको तालिका तयार गरी प्रस्तुतीकरण |
| ४. नेपालको भौतिक भूगोल | • नेपालको नक्सामा नेपालको भौगोलिक तथा पर्यावरणीय प्रदेशहरू देखाई प्रस्तुतीकरण<br>• स्थानीय क्षेत्रको हावापानीलाई प्रभाव पार्ने तत्त्वहरूको सूची बनाई प्रस्तुतीकरण<br>• नेपालको नक्सामा प्रमुख नदी, हिमनदी र तालहरू देखाई प्रस्तुतीकरण<br>• आफू बसोबास गरेको क्षेत्रमा आइपर्ने प्राकृतिक प्रकोप/विपत्हरूको व्यवस्थापनका लागि आफ्नो वडाको वडाध्यक्षलाई लेख्ने पत्रको नमुनाको प्रस्तुतीकरण |
| ५. मानचित्रको अध्ययन | • जि.पि.एस.एपको प्रयोग गरी आफ्नो वरिपरिको कम्तीमा पाँच स्थानको अक्षांश, देशान्तर र उचाइ पत्ता लगाई ती ठाँउहरू कहाँ कहाँ पर्छन्, डिजिटल नक्सामा खोजी गरी प्रस्तुतीकरण<br>• ट्रेसिङ वा कार्बन विधिको प्रयोग गरी नेपालको नक्सा बनाई आफ्नो विद्यालय रहेको स्थान देखाउने<br>• नक्सामा प्रयोग हुने मुख्य मुख्य स्वरूपहरू देखाउने सङ्केत चिह्नहरूको चार्ट बनाई प्रस्तुतीकरण<br>• मान नाप र प्रदर्शित सूचनाको आधारमा नक्साको वर्गीकरण गरी प्रस्तुतीकरण |

पाठ्यक्रम विकास केन्द्र

## कक्षा १०

| विषयक्षेत्र | परियोजना कार्य / प्रयोगात्मक कार्य |
|---|---|
| **१. भूगोलको परिचय** | - |
| **२. भौतिक भूगोल** | • आफ्नो विद्यालय भएको स्थानको प्रतिलोम कहाँ हुन सक्छ, ग्लोबको सहायताबाट पत्ता लगाई प्रस्तुतीकरण<br>• ग्लोबको चित्र बनाई १५ डिग्रीको अन्तरमा भूमध्यरेखासहित अक्षांश र प्रधान मध्याह्न रेखासहित देशान्तर रेखाहरू कोरी प्रस्तुतीकरण<br>• ताप र चापको पेटीको चित्र बनाई प्रस्तुतीकरण<br>• आफू बस्ने ठाउँको हावापानीले मानव जनजीवनमा पारेको प्रभाव खोजी गरेर तालिका बनाई प्रस्तुतीकरण<br>• आफ्नो क्षेत्रमा देखापरेका जलवायु परिवर्तनका असरहरू उल्लेख गरी विद्यालयको भित्तेपत्रिकाका लागि लेख तयारी र प्रस्तुतीकरण |
| **३. आर्थिक भूगोल** | • विद्यार्थीहरूको समूह बनाई आफ्नो समुदायका मानिसहरू कस्ता आर्थिक क्रियाकलापमा संलग्न रहेका छन्, तिनीहरूको तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन तयारी र प्रस्तुतीकरण<br>• विश्वको मानचित्रमा खनिज साधनको वितरण देखाई प्रदर्शन<br>• आर्थिक विकासमा कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध देखाउने चार्ट बनाई प्रस्तुतीकरण |
| **४. नेपालको मानव तथा आर्थिक भूगोल** | • नेपालको नक्सा बनाई प्रदेशहरूको सीमाङ्कन गरी प्रादेशिक राजधानीहरू अङ्कित गरी प्रदर्शन<br>• कक्षाका विद्यार्थीहरू समूहमा विभाजन भई प्रत्येक समूहका विद्यार्थीले नेपालमा एक एकओटा पूर्वाधारका सम्भावना र चुनौतीहरू शीर्षकमा सामाजिक सञ्जालमा वा अन्य मिडियामा प्रेषित गर्ने सामग्री तयारी<br>• आफ्नो टोल छिमेकमा भएको उद्योग कलकारखानामा गई त्यो उद्योग कलकारखाना त्यहाँ स्थापना हुनुका कारण र त्यसको प्रभाव सोधी विवरण तयारी र प्रस्तुतीकरण<br>• नेपालमा पर्यटन उद्योगको सम्भावना शीर्षकमा एक लेख तयारी र प्रस्तुतीकरण |
| **५. नक्सा र चार्टको निर्माण** | • वर्ग विधिबाट नेपालको नक्सा बनाई त्यसमा सङ्केत चिह्न प्रयोग गरी पाँच पाँच ओटा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरू देखाई प्रदर्शन<br>• नेपालको सातओटा प्रदेशको जनसङ्ख्यालाई स्तम्भ चित्रमा प्रस्तुतीकरण<br>• रेनगेजको नमुना तयार गरी पानी परेको समयमा खुला स्थानमा राखी वर्षाको पानी सङ्कलन गरी स्केलको सहायताले मापन र प्रस्तुतीकरण<br>• भौगोलिक अध्ययन भ्रमणका लागि कुनै स्थान छनोट गरी त्यस स्थानको भौगोलिक अवस्थिति, भौतिक, मानव तथा आर्थिक भूगोलका विविध पक्षमा सङ्कलन गरिएका प्राथमिक तथ्यहरूका आधारमा प्रतिवेदन तयारी र प्रस्तुतीकरण |

पाठ्यक्रम विकास केन्द्र

## ६. सिकाइ सहजीकरण प्रक्रिया

भूगोल विषय प्राकृतिक तथा भौगोलिक अध्ययनसँग सम्बन्धित विषय हो । यस विषयको सिकाइ क्रियाकलाप गर्दा सैद्धान्तिक विषयवस्तुलाई विद्यार्थीको व्यावहारिक जीवनसँग जोडेर गर्नुपर्छ । विषयवस्तुअनुसार स्थानीय स्तरमा अध्ययन भ्रमण गराएर प्रत्यक्ष अवलोकन गराउन सकेमा सिकाइ दिगो, व्यावहारिक र प्रभावकारी हुन्छ । विषयवस्तुहरूको अध्ययन अध्यापन गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । सम्बन्धित विषयवस्तुको एकीकृत रूपमा सहजीकरण गरी विषयवस्तुको ज्ञान, सिप र धारणाको विकास गराउनुपर्छ । यस विषयले बालबालिकामा सैद्धान्तिक र व्यावहारिक पक्षको विकास गराउने मुख्य उद्देश्य राखेको छ । त्यसैले भूगोल विषयमा सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित विभिन्न प्रकारका शिक्षण विधिहरू प्रयोग गर्नुपर्छ ।

भूगोल विषयमा मुख्य रूपमा अवलोकन, खोज अनुसन्धान, क्षेत्र भ्रमण र प्रयोगात्मक विधि बढी उपयोगी हुन्छन् । यसका साथै स्थानीय परिवेश, विषयवस्तुको प्रकृति र स्वरूपका आधारमा सिकाइ सहजीकरणमा विविधता ल्याउन सकिन्छ । शिक्षकले सिकाइ सहजीकरण गर्दा विद्यार्थीको उमेर, तह, रुचि, बहुबौद्धिकता, मनोविज्ञान, सामाजिक पृष्ठभूमि, विद्यार्थी सङ्ख्या, शैक्षिक सामग्रीको उपलब्धता आदि समेतलाई ध्यान दिनुपर्ने छ । सहजीकरण गर्दा विद्यार्थीहरूको सहभागिता एवम् सामूहिक तथा सहयोगात्मक सिकाइलाई प्रोत्साहन गर्नुपर्ने छ । विद्यार्थीलाई समस्या समाधान गर्न अप्ठ्यारो परेको अवस्थामा उनीहरूको कमीकमजोरीलाई राम्ररी केलाई शिक्षकद्वारा आवश्यक सहजीकरण गर्नुपर्छ । विद्यार्थीहरूको प्रतिभा प्रस्फुटनका लागि उपयुक्त वातावरण सिर्जना गर्नुपर्छ ।

## ७. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिअनुरूप विद्यार्थीले ज्ञान, सिप तथा अभिवृत्ति प्राप्त गर्न सके सकेनन् भन्ने कुरा पत्ता लगाउने महत्त्वपूर्ण माध्यम मूल्याङ्कन हो । विद्यार्थीहरूको मूल्याङ्कन गर्दा सर्वप्रथम अपेक्षित सिकाइ उपलब्धिलाई ध्यान दिनुपर्छ । मूल्याङ्कनका साधनहरू विकास गर्दा पनि उद्देश्यअनुरूप सिकाइको स्तरलाई समेटेर विकास गर्नुपर्छ । यस विषयमा मूल्याङ्कन गर्दा निर्माणात्मक र निर्णयात्मक दुवै पद्धति अवलम्बन गर्नुपर्छ । विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीका लागि विषय शिक्षकले नै उपयुक्त प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्ने हुन्छ ।

विद्यार्थीले सिकेनसिकेको पत्ता लगाई नसिकेको भए कारण पहिचान गरी पुनः सिकाइन्छ भने यस्तो मूल्याङ्कन प्रक्रिया निर्माणात्मक मूल्याङ्कन हो । यस्तो मूल्याङ्कन शिक्षण सिकाइकै अभिन्न अङ्गका रूपमा रहेको हुन्छ । यसका लागि गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, सामुदायिक कार्य, सह/अतिरिक्त क्रियाकलाप, एकाइ परीक्षा, मासिक परीक्षा जस्ता मूल्याङ्कनका विधि प्रयोग गर्न सकिन्छ । यस्तो मूल्याङ्कनका लागि विद्यार्थीको अभिलेख राख्नुपर्छ । सोका आधारमा आवश्यकतानुसार उपचारात्मक सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्छ । शिक्षकले यस्तो प्रकारको मूल्याङ्कन जुनसुकै समयमा पनि निरन्तर रूपमा गर्नुपर्छ र विद्यार्थीमा सुधारको वातावरण तयार गर्नुपर्छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यअनुरूप विद्यार्थीले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा स्तर निर्धारण गर्ने निर्णय लिइन्छ भने त्यस्तो मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । यस्तो मूल्याङ्कन आवधिक रूपमा गर्ने गरिन्छ । यस विषयमा मूल्याङ्कन गर्दा आन्तरिक र बाह्य दुई पद्धतिबाट मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनका लागि प्रत्येक विद्यार्थीले गरेका कार्य र उनीहरूमा आएको व्यवहार परिवतर्नको अभिलेख राखी सोका आधारमा अङ्क प्रदान गर्नुपर्छ । यस विषयमा कक्षा ९ र १० मा कुल भारमध्ये २५ प्रतिशत भार आन्तरिक मूल्याङ्कन हुने छ । आन्तरिक मूल्याङ्कनको २५ प्रतिशत भारअन्तर्गत निम्नानुसार मूल्याङ्कन गरी अङ्क प्रदान गरिने छ ।

| क्र.सं | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १. | कक्षा सहभागिता (नियमितता, कक्षा कार्य, परियोजना तथा प्रयोगात्मक कार्यलगायतका कार्यमा सहभागिता) | ३ |
| २. | प्रयोगात्मक तथा परियोजना कार्य | १६ |
| | (क) प्रयोगात्मक र परियोजना कार्य सञ्चालन | ८ |
| | (ख) प्रयोगात्मक र परियोजना कार्यको अभिलेखीकरण | ४ |
| | (ग) प्रयोगात्मक र परियोजना कार्यको प्रस्तुतीकरण र viva voce | ४ |
| ३. | त्रैमासिक परीक्षा (प्रथम त्रैमासिक : ३ अंङ्क र दोस्रो त्रैमासिक : ३ अङ्क) | ६ |

**(ख) बाह्य मूल्याङ्कन**

यस विषयमा कक्षा ९ र १० प्रत्येकमा कुल भारमध्ये ७५ प्रतिशत भार बाह्य मूल्याङ्कन हुने छ । कक्षा ९ र १० प्रत्येक कक्षाका लागि लिइने परीक्षाका लागि पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्नपत्र निर्माण गर्नुपर्ने छ । परीक्षामा विशेष गरेर ज्ञान र बोध, समस्या समाधान, सिर्जनात्मकता, समालोचनात्मक सोचाइ, विश्लेषणात्मक क्षमता, खोजमूलक सिप, कार्यक्षमता उपयोग र उच्च दक्षतासँग सम्बन्धित प्रश्नहरू सोधिने छन् । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै विषयवस्तु समेटिएको हुनुपर्ने छ । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसका आधारमा प्रमाणीकरण गरिने छ । विद्यार्थीको आवश्यकता र अवस्थाका आधारमा मूल्याङ्कनका साधनको उपयुक्त अनुकूलन (Reasonable accommodation) गरी प्रयोग गर्नुपर्ने छ ।

पाठ्यक्रम विकास केन्द्र

पाठ्यक्रम विकास केन्द्र

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

पाठ्यक्रम विकास केन्द्र